नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #८८

१ असोज २०७७

| २०७७ बैशाख १ देखि भदौ ३१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७१ | ६५ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | **३७४** | **१०१** | **४२०** |

| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ३१ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६९ | ६५ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | **३३९** | **१००** | **२९८** |

| २०७७ भदौ ३१ देखि असोज १ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** | ० | ० | **०** |

# दैनिक विपद् बुलेटिन

३१ भदौ विहान१०:००बजेदेखि १ असोज बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **७** स्थानमा **भुकम्प, २** स्थानमा **पहिरो, २** स्थानमा **बाढी, १** स्थानमा **चट्याङ्ग, १** स्थानमा **अबिरल वर्षा, १** स्थानमा **आगलागी, १** स्थानमा **जंगली भालुको आक्रमण**का घटनाका उजुरी परेका छन् । यी घटनामा परेर **१** जना **बेपत्ता, २** जना **घाईते,** भएका छन् । यी घटनाबाट **७३ लाख ४१ हजार रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | १ | १५ | २ | ७३,४१,४०० | ० | ३ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १५ वटा घट्ना भएका छन् ।
- **सिन्धुपाल्चोक**को बलेफी गाउँपालिका वडा नं १ स्थित टारीबजारमा रहेको राष्ट्रिय बाणिज्य बैंकमा कार्यरत **१ कर्मचारी** मिति २०७७।०५।३१ गते विहान **भुकम्प** जाँदा एक्कासी आफु बसेको घरको एक तला माथिबाट हामफाल्दा **घाईते** ।
- **रसुवा**को गोसाईकुण्ड गाउँपालिका वडा नं ३ स्थित फेमिली होटलको स्टोर कोठामा अचानक जंगली भालु छिरेको र भालुलाई धपाउने क्रममा बर्ष २७ को **१ पुरुषलाई भालुले आक्रमण गर्दा घाईते** ।
- **उदयपुर**को चौदण्डीगढी नगरपालिका वडा नं ३ भोर्लेनीका २ जना दाजुभाई बिरेन्द्र बजारस्थित आफ्नै बुवालाई भेट्न जाँदा बाटोमा पर्ने धपड खोला तर्ने क्रममा **बाढी**ले बगाउँदा **१ जना बेपत्ता** ।रौतामाई गाउँपालिका वडा नं ७ तिलबारीस्थित एक घर **अबिरल बर्षा**को कारण भत्किन गई घर भित्र भएको अन्नपात, लत्ताकपडा गरी **२ लाख ६० हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **धनकुटाको** महालक्ष्मी नगरपालिका वडा नं ४ खानीगाउस्थित एक घर **पहिरो** गई पुर्णरुपमा क्षति हुँदा घर भित्र रहेको सुगुरको २ वटा पाठा र १० वटा कुखुरा पुरिई अन्नपात र लत्ताकपडा समेत गरी **९४ हजार ९ सय रुपैंया** बराबरको क्षति । धनकुटा नगरपालिका वडा नं २ पैदलेस्थित एक घर मिति २०७७।०५।३१ गतेको **भुकम्प**ले पुर्णरुपमा क्षति, घर भित्र रहेको अन्नपात, लत्तकपडा र काठहरु गरी **४० लाख रुपैंया** बराबरको क्षति ।
- **खोटाङ्ग**को बराहपोखरी गाउँपालिका वडा नं 5 पौवासेरास्थित एक घरको चुल्होमा अलैची सुकाउन बालेको आगोबाट अचानक **आगलागी** हुँदा घर, घर भित्र रहेको नगद, सुन, चाँदी, अन्नपात, लत्ताकपडा, भाडावर्तन र कागजपत्रहरू पुर्णरुपमा जली **४ लाख रुपैंया** बराबरको क्षति ।
- **तेह्रथुम**को मेन्छेयायेम गाउँपालिका वडा नं २ पौठाकस्थित एक घर मिति २०७७।०५।३१ गतेको **भुकम्पले** चर्केको ।
- **कास्की**को पोखरा महानगरपालिका वडा नं ३३ छप्ल्याङस्थित कुखुराको खोरमा अविरल वर्षाको कारण जौबारी खोलामा आएको **बाढी** पसि १७०० वटा कुखुरा मरेको । पोखरा महानगरपालिका वडा नं २२ पुम्दीभुम्दी ठुलिबेडीस्थित एक घर राती परेको बर्षात र **भुकम्प**को कारण सामान्य चर्किएको ।
- **स्याङ्जा**को बिरुवा गाउँपालिका वडा नं ५ सिम्लेटोल स्थित एक घरमा अचानक **चट्याङ्ग** पर्दा मीटर बक्स, केबुल तार, टेलिभिजन र अर्को एक घरको बिजुलीको तार जल्नुका साथै १ वटा बाख्राको मृत्यु हुँदा **३६ हजार ५ सय रुपैंया** वरावरको क्षति ।
- **ताप्लेजुङ्ग**को मिक्वाखोला गाउँपालिका वडा नं १ दुङ्जामा अबिरल बर्षाको कारण **पहिरो** गई **९** जनाका धानखेती, अलैंचि र कोदोखेती जग्गासहित बगाउँदा **२० लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **पर्वत**को कुश्मा नगरपालिका वडा नं १ पाङस्थित एक कच्ची घर भदौ ३१ गते विहानको भुकम्पको कारण भत्किन गई **५ लाख रुपैंया** बराबरको क्षति ।
- **बाग्लुङ**को बागलुङ नगरपालिका वडा नं ६ भिरलाकुरीस्थित एक कच्चि घरको गाह्रो मिति २०७७।०५।३१ गते आएको **भुकम्प**को कारण भत्कन गई पुर्ण रुपमा क्षति ।
- **लमजुङ्ग**को बेशिसहर नगरपालिका वडा नं ११ तिवारीडाँडा स्थित एक कच्ची घर मिति २०७७।०५।३१ गते आएको **भुकम्प**को कारणले गाह्रो हल्का भत्कीएको र ४/५ वटा दलिन भाचिएको ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट भुकम्प र जंगली भालुको आक्रमणमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, बाढीका कारण बेपत्ता भएकाको खोजी कार्य जारी, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ ३१ गते बिहान ०८:४५ बजे देखि असोज ०१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/०१ गते बिहान ०८:४५ बजे २०५ वटा वर्षा मापन केन्द्रहरु(मानब संचालितः ७० र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार १४२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (११९.२मि. मी.) मोरङ जिल्लाको लेटाङ केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढी, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २५ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ६६ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

असोज-०१(बिहिबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज क र्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तलै हुने तर कोशी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने, कन्काई, कमला, बागमती र यसका सहायक नदीमा बहाब बढ्दो हुने तथा सबैमा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।कन्काई, कमला र यसका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, पाचँथर, धनकुटा, उदयपुर, ताप्लेजुङ, संखुवासभा, खोटाङ, ओखलढुंगा, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौँ उपत्यका, मकवानपुर, गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपुर, प्रदेश ५ को परासी, कपिलबस्तु, दाङ, बाँके, रोल्पा, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, सुदूरपश्चिमको कैलाली र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/